नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं,
नेपाल ।

पत्र संख्याः-
च.नं.

# प्रेस विज्ञप्ति

विश्वभर फैलिँदै गइरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण नेपालमा पनि बढ्दै गएको सन्दर्भमा सो को रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धी नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७८।१।१३ को निर्णयलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न हवाई यातायात संचालन एवं हवाई यात्रा व्यवस्थापन सम्बन्धमा देहाय बमोजिम गर्न गराउनुहुन सम्बन्धित सरोकारवालाहरुलाई जानकारी गराइन्छ।

क. हवाईमार्गबाट नेपाल प्रवेश गर्ने विदेशी यात्रुले यात्रा गर्नुअघि स्वाव संकलन भएको ७२ घण्टाभित्रको कोभिड-१९ नेगेटिभ रिपोर्ट र १० दिन अनिवार्य रुपमा होटल क्वारेन्टिनमा बस्ने गरी होटल बुक गरेको प्रमाण पेश गरेको हुनुपर्ने । वायुसेवा कम्पनीले बोर्डिङ्ग पास जारी गर्नुअघि उक्त प्रमाण भएको सुनिश्चित गरेर मात्र बोर्डिङ्ग पास जारी गर्ने । हवाईमार्गबाट नेपाल प्रवेश गर्ने विदेशी यात्रुलाई होटलसम्म पुर्याई क्वारेन्टिनमा राख्ने दायित्व सम्बन्धित एजेन्सीको हुनेछ।

ख. हवाईमार्गबाट नेपाल प्रवेश गर्ने नेपाली नागरिकले यात्रा गर्नुअघि स्वाव संकलन भएको ७२ घण्टाभित्रको कोभिड-१९ नेगेटिभ रिपोर्ट पेश गर्नुपर्ने र प्रवेश गरेपछि १० दिन अनिवार्य रुपमा होटल वा होम क्वारेन्टिनमा बस्नुपर्ने । हवाईमार्गबाट नेपाल प्रवेश गर्ने नेपाली नागरिकहरु होटल वा होम क्वारेन्टिनमा बस्नुपर्ने व्यवस्थालाई सम्बन्धित स्थानीय तहले कार्यान्वयन गर्नुपर्नेछ।

ग. होटल वा होम क्वारेन्टिनमा बसे नबसेको सम्बन्धमा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र र स्थानीय तहले अनुगमन गरी कोभिड-१९ संकट व्यवस्थापन केन्द्र र गृह मन्त्रालयमा नियमित प्रतिवेदन गर्ने।

घ. विमानस्थलमा मात्र ट्रान्जिट हुने बाहेक अन्य विदेशी नागरिकलाई नेपालबाट तेस्रो मुलुकमा जान प्रस्थान अनुमति नदिने । यसअघि नेपाल प्रवेश गरिसकेका विदेशी नागरिकले नेपालबाट हवाई वा स्थलमार्गबाट प्रस्थान गर्न चाहेमा प्रस्थान गर्न दिने।

ङ. नेपाल आएका विदेशी यात्रुहरु शुरु प्रस्थान गरेकै देशमा फर्कन चाहेमा ७२ घण्टाभित्रको कोभिड-१९ नेगेटिभ रिपोर्ट पेश गरेमा प्रस्थान गर्न दिने।

च. नेपाल आउने पर्यटकहरुको सम्बन्धमा १० दिनको होटल क्वारेन्टिन अनिवार्य हुनेगरी मिति २०७७।१२।५ मा जारी भएको "पर्यटकहरुको आवागमनलाई व्यवस्थित गर्ने मापदण्ड, २०७७" का अन्य व्यवस्थाहरु यथावत कायम रहनेछन् ।

२०७८।१।१५

तारानाथ अधिकारी
सहसचिव एवं प्रवक्ता